Rupantaran : A Multidisciplinary Journal
Vol. IV : pp 265-274, October, 2020
ISSN : 2091-0061
https://doi.org/10.3126/rupantaran.v4i1.34249
Research Management Cell (RMC)
Dhankuta Multiple Campus, Dhankuta
Tribhuvan University, Nepal

# सार्वजनिक शिक्षामा सबलीकरण

रमेशप्रसाद लुइटेल[१]
इमेल : rameshluitel47@gmail.com

## सार

*प्रस्तुत लेख सार्वजनिक शिक्षामा सबलीकरण भन्ने शीर्षकमा तयार पारिएको हो यसमा राज्यले शिक्षा दिनको लागि खोलिएका विद्यालयको वर्तमान अवस्था कस्तो छ र यसलाई सुधार गर्न के गर्नु पर्छ भन्ने केही उपाय समेट्ने प्रयास गरिएको छ। वर्तमान समय सूचना प्रविधिको भएकाले उक्त कुरालाई विद्यालयस्तरको पाठ्यक्रममा समेट्नुपर्छ । अभिभावक निरक्षर भएको शिक्षाले बेरोजगारिता बढाउँदै लगेको आर्थिक हैसियत पनि कमजोर भएकाले सार्वजनिक विद्यालयको शिक्षा कमजोर बन्दै गएको छ । सूचना र प्रविधिले विश्वलाई साँघुरो बनाउँदै लगेकाले एक देशमा सिकेको शिक्षाले प्रायः सबै ठाउँमा जिउने अवस्था हुने पाठ्यक्रम निर्माण गर्नुपर्छ । शिक्षकले आफ्नो मूल पेसालाई अलि बेवास्ता गर्दै गई कक्षामा कम समय बिताउनु विद्यार्थीको ध्यान सिकाइप्रति घट्दै गई नैतिक शिक्षाको कमी तथा जीवनोपयोगी सीपको कमी, अभिभावकको आर्थिक हैसियत कमजोर र शिक्षा आर्जनपछि पनि उपयुक्त काम नपाउनुले उनीहरू सार्वजनिक शिक्षा प्रति उदाशिन बन्दै गएका छन् । शिक्षक र विद्यार्थी अध्ययन-अध्यापन भन्दा पनि राजनैतिक चिन्तनबाट प्रेरित भई विद्यालयमा नै राजनैतिक अखडा सृजना हुन जानु तथा राज्यले सामुदायिक विद्यालयलाई सही व्यवस्थापन गर्न नसक्दा निजी विद्यालयतर्फ सबैको चासो बढ्नुले सामुदायिक शिक्षाको अवस्था कमजोर बन्दै गएको छ । उल्लिखित समस्या समाधान गर्न सामुदायिक विद्यालयलाई साधन, स्रोत, सुविधा सम्पन्न बनाई निरीक्षण, सुपरिवेक्षण बढाई पाठ्यक्रममा समयानुकूल सुधार गरी रोजगार प्रबर्द्धन गर्ने शिक्षा दिन सके सार्वजनिक शिक्षा नै सबल हुन्छ ।*

**मुख्य शब्दावली:** सबलीकरण, सार्वजनिक, प्राविधिक, सङ्घ, प्रदेश, प्रवर्द्धन, च्याटिङ

## परिचय

नेपालमा शिक्षा विकासको अवस्थालाई हेर्दा प्राचीन शाहकालीन शासन व्यवस्थामा शाह राजाले शिक्षालाई उपेक्षा गरेको अवस्था थियो । वि.सं.१९१० सालमा राणाहरूले सत्ता हातमा लिई सर्वसाधारणलाई शिक्षा लिन रोक लगाएको शिक्षाको कालो युगको अवस्था थियो । पछि २००७ सालमा प्रजातन्त्रको प्राप्ति पश्चात् नागरिक शिक्षाको सुरुवात हुन थाल्यो । फलस्वरूप शिक्षा लिन सर्वसाधारणलाई खुला गरियो । शिक्षाको संरचनामा प्रारम्भिक शिक्षा उच्च शिक्षाको अलग-अलग खाकाहरू आए । शिक्षा लिन सबैलाई खुला गरियो तर प्रारम्भिक अवस्था भएकाले शिक्षामा परिवर्तन त्यसले खासै ल्याउन सकेन । वि.सं. २०१७ मा राजनैतिक परिवर्तन भएकाले २०११ ताका गरिएका महत्त्वपूर्ण सिफारिसलाई कटौती गरियो । शिक्षा पुनः अलमलमा पर्‍यो । शिक्षाले समाजमा परिवर्तन ल्याउन सकेन । नागरिकहरूमा निराशाको भावना उत्पन्न भयो । तर २०२८ सालमा शिक्षा प्रणालीमा व्यापक

१. लेखक त्रि.वि.धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा शैक्षिक योजना तथा व्यवस्थापन विषयको उपप्राध्यापक पदमा कार्यरत हुनुहुन्छ ।

सुधार गरियो । शिक्षाको स्पष्ट संरचना र खाका तयार भयो । पाठ्यक्रम, परीक्षा प्रणालीमा समय अनुसार सुधार गरियो । साधारण शिक्षा, व्यावसायिक शिक्षाका अलग-अलग धारहरूको खाका ल्याइयो । संस्कृत शिक्षा, नैतिक शिक्षा जस्ता विषयलाई पाठ्यक्रममा नै समावेश गरी शिक्षा व्यवस्था अगाडि ल्याइयो (शर्मा एण्ड शर्मा, २०५९) ।

२०४६ सालमा देशमा राजनैतिक परिवर्तन भए पछि शिक्षा व्यवस्थामा पुनः फेरबदल भयो । शिक्षाको राष्ट्रिय उद्देश्यमा फेरबदल भयो । संरचना बदलियो, पूर्व प्रा.वि., नि.मा.वि., मा.वि. र उच्च मा.वि.को अवधारणा विकास भई यसको अभ्यास भयो । पाठ्यक्रम व्यवस्था, सिकाइ प्रणाली र परीक्षा प्रणालीमा परिवर्तन भयो । निरीक्षण र सुपरीवेक्षण प्रणालीलाई सुदृढ पार्ने प्रयास भयो । विद्यालय व्यवस्थापन समितिलाई थप जिम्मेवार र अधिकार सम्पन्न पार्ने काम गरियो (रा.शि.आ., २०४९) ।

समयअनुसार शिक्षामा नयाँ प्रयोग र अभ्यासहरू भयो । २०५८ सालमा शिक्षा सम्बन्धी अर्को कार्यदल बन्यो । यसले शिक्षामा पुनः नयाँ-नयाँ अवधारणा र अभ्यासको प्रयास गर्‍यो । सरकारले सञ्चालन गरेका पूर्णरूपमा सरकारी अनुदान प्राप्त विद्यालयहरूलाई सामुदायिक विद्यालय भनियो । यहाँ अध्यापन गर्ने शिक्षकले १०० अध्यापन अनुमति-पत्र अनिवार्य लिनुपर्ने तालिम प्राप्त हुनुपर्ने व्यवस्था गरियो भने सरकारले अनुदान नदिने विद्यालय खोल्ने अनुमति दिने विद्यालयलाई निजी विद्यालय भनियो । यो अलि सेवामूलक हुनुपर्ने भन्ने सिफारिस गरियो (वाग्ले, २०५८) । पुनः देशमा २०६२/०६३ मा राजनैतिक परिवर्तन भयो परिवर्तन पश्चात् पुनः परिवर्तित सन्दर्भमा शिक्षालाई कसरी व्यवस्थापन गर्ने भन्ने बहस भयो । मातृभाषामा शिक्षा दिने अवधारणा अगाडि भन्दा जोडदार आयो भने शिक्षाको व्यावसायिक धारलाई प्रवल बनाउने प्रयास भयो । पाठ्यक्रम व्यवस्था, शिक्षकको नियुक्ति, परीक्षा व्यवस्थापन प्रणालीलाई सुधार गर्न शिक्षक सेवा आयोगलाई थप अधिकार सम्पन्न बनाइयो भने व्यवस्थापन समितिको गठन प्रक्रियालाई व्यवस्थित बनाइयो (पाठ्यक्रम प्रारूप, २०६३) ।

देशमा पछिल्लो राजनैतिक परिवर्तन, अवधारणा र परिवेश अनुसार २०७३ सालमा स्थानीयस्तरको निर्वाचन भयो । २०७४ सालमा प्रदेश र सङ्घको निर्वाचन भयो र शिक्षालाई विकेन्द्रित अवधारणा अनुसार अगाडि बढाउने प्रयास गर्न थालियो । विद्यालय तहको शिक्षा स्थानीय निकायबाट सञ्चालित हुने अनुदान, त्यहीबाट दिने सुपरिवेक्षण, त्यहीबाट हुने भन्ने धारणा अगाडि आयो भने उच्च शिक्षा प्रदेशस्तरमा प्रादेशिक विश्व-विद्यालय बन्ने विद्यालय तहको अन्तिम परीक्षा प्रदेशस्तरमा लिने र केन्द्रले समग्र गुणस्तर मापन गर्ने र मूल पाठ्यक्रम बनाउने भन्ने सोच आयो । यद्यपि यो मान्यता पूर्णरूपमा लागु भएको छैन । शिक्षामा सुधार गर्न नेपाल सरकारले शिक्षा आयोग गठन गर्‍यो । यसले २०७५ माघ १ मा प्रतिवेदन समेत शिक्षामन्त्रीलाई बुझायो । यद्यपि यो सार्वजनिक भएको छैन र अब शिक्षा प्रणाली कस्तो हुने ? परीक्षा कस्तो हुने ? पाठ्यक्रम कसले कस्ता विषय समावेश गरी बनाउने ? शिक्षक व्यवस्थापन कसरी गर्ने ? भन्ने जस्ता अनेकौं विषयमा अन्यौल भएको पाइन्छ ।

शिक्षा समाज विकासको मेरुदण्ड हो । समाजको विकासको लागि शिक्षाको आवश्यकता पर्छ भने समाज बिना शिक्षा प्रणाली पनि चल्न सक्दैन । त्यसैले समाज र शिक्षालाई एक अर्काको परिपूरकको रूपमा लिइन्छ । शिक्षाको प्राचीनकालीन विकास प्रणालीलाई हेर्दा मानव सभ्यताको विकास भएदेखि नै शिक्षाको अनौपचारिक विकास हुँदै आएको कुरा शिक्षाको विकासको इतिहासबाट प्रस्ट हुन्छ । प्राचीन ढुङ्गे युग, दास युग हुँदै गुरुकुल शिक्षा प्रणाली, ऋषिकुल शिक्षा प्रणाली, देवकुल शिक्षाप्रणाली, राजकुल शिक्षा प्रणाली, पितृकुल शिक्षा प्रणाली हुँदै समाजमा फरक-फरक हिसाबले शिक्षाको विकास हुँदै आएको पाइन्छ । त्यो समयमा घरेलु शिक्षा खास गरी घर-व्यवहार चलाउन बाबुले सिकेका सीप छोरालाई सिकाउने र आमाले सिकेको सीप छोरीलाई सिकाउँदै आएको पाइन्छ (पौडेल, २०५०) । यसरी अहिले पनि शिक्षा व्यवस्था पुरानो संरचना अनुसार नै रुमलिरहेको अवस्था छ र यसलाई समयको माग अनुसार कसरी प्रतिस्पर्धी बनाउने भन्ने दिशातर्फ सोच्ने बेला आइसकेको छ (भट्टराई र जि.सी. २०७५) । त्यसैले अब सार्वजनिक शिक्षामा कसरी सबलीकरण गर्ने ? के गरेर यसलाई सक्षम बनाउने भन्ने

कुरामा केन्द्रित भई यसको व्यवस्थापन कसरी सुधार गर्ने भन्ने विषयलाई यहाँ निम्न विषयमा केन्द्रित भई उल्लेख गरिएको छ । सार्वजनिक शिक्षाको वर्तमान अवस्थालाई हेर्दा यो विभिन्न क्षेत्र र परिवेशबाट समस्याग्रस्त बन्दै गएको छ। पाठ्यक्रमको संरचना पुरानो छ। शिक्षक व्यवस्थापन कमजोर छ। तालिम प्राप्त शिक्षकको कमी छ। कक्षाकोठामा प्रविधिको प्रयोग पर्याप्त मात्रामा हुन सकेको छैन । अभिभावकहरूको सार्वजनिक शिक्षाप्रति चासो घट्दो छ । विद्यार्थीहरूमा अनुशासनहीन प्रवृत्ति बढ्दै गएको छ । सम्बन्धित निकायहरू बेखबर छन् । उनीहरू खासै वास्ता गर्दैनन् । प्र.अ.हरूमा व्यवस्थापन सम्बन्धी तालिमको कमी छ । यस अर्थमा सार्वजनिक शिक्षामा सबैतिर समस्यै समस्या देखिएको छ । भौतिक समस्या, आर्थिक समस्या, शैक्षिक समस्या, सामाजिक समस्याले गर्दा सार्वजनिक शिक्षामा देखिएका कमजोरीहरूलाई सुधार गर्नु आवश्यक छ । यिनै समस्याहरूको समाधानार्थ यस अध्ययनमा सार्वजनिक शिक्षाको वर्तमान अवस्थाको समीक्षा गर्न लगाउने र सार्वजनिक शिक्षालाई सबल बनाउने उपाय सुझाउने उद्देश्य लिइएको छ ।

## विधि र सामग्री

अध्ययन कार्य सम्पन्न गर्नका लागि विभिन्न प्रकारका मापदण्डहरूको अनुसरण गरिएको छ। यहाँ विभिन्न दस्तावेज अध्ययन गरी त्यसबाट प्राप्त भएका कुरालाई व्याख्या विश्लेषण गरिएकाले यसको ढाँचा गुणात्मक प्रकृतिको छ । गुणात्मक प्रकृतिको ढाँचा भएकाले सीमित क्षेत्रमा गई अध्ययन कार्य सम्पन्न गरिएको छ । यसअन्तर्गत धारणा स्पष्ट बुझ्न एक जना शिक्षा प्रशासक, एक जना शिक्षा विज्ञ र एक जना विद्यालयका अनुभवी शिक्षक छनौट गरिएको छ । उनीहरूलाई उद्देश्यमूलक छनोट विधिबाट छानिएको छ । यसमा केही स्थानमा सार्वजनिक विद्यालयमा गई अध्ययन गरिएको छ ।यो लेख दस्तावेज अध्ययन गरी तयार पारिएको छ । यसमा बढी द्वितीयस्रोतको प्रयोग गरिएको छ। शीर्षकसँग मिल्ने र आफूलाई धारणा स्पष्ट हुने शिक्षा प्रशासक, अनुभवी विज्ञहरूसँग अन्तर्वार्ता पनि लिइएको छ । अन्तर्वार्ता प्रश्नावलीहरू अनुसूचीमा छन् । अध्ययन कार्य सम्पन्न गर्न जनसङ्ख्यामा उल्लिखित व्यक्तिहरूसँग छलफल गरिएको छ । के छलफल गरियो भन्ने कुरा अनुसूचीमा समेटिएको छ। यो लेख तयार पार्दा प्राथमिक र द्वितीय स्रोतबाट धेरै कुराहरू सङ्कलन गरिएको छ भने यसमा मूलतः २ ओटा साधनहरू अन्तर्वार्ता र लक्षित समूहमा गई तथ्याङ्क सङ्कलन गरिएको छ भने उक्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गरिएको छ ।

## छलफल तथा विश्लेषण

सार्वजनिक शिक्षामा सवलिकरण भन्ने शीर्षकमा तयार पारिएको यो लेखमा प्राप्त तथ्याङ्कलाई निम्न लिखित सुचाङ्कको आधारमा विश्लेषण गरिएको छ :

### प्राविधिक धारको शिक्षा

शिक्षा अब पुरानो प्रणाली र पुरानो सोचभन्दा अलग हुनुपर्छ। शिक्षा जीवनोपयोगी हुनुपर्छ। शिक्षा आर्जन पश्चात् मानिसले आफूले लिएको शिक्षा आर्जन गरेको शिक्षाबाट आफ्नो जीवन निर्वाह गर्न सक्ने हुनुपर्छ । क्रमशः शिक्षाले स्वरोजगारको अवस्था सिर्जना गरी आत्मनिर्भर बनाउनुपर्छ र शिक्षा अन्तर्राष्ट्रिय परिवेश अनुसार प्रतिस्पर्धी हुनुपर्छ । अन्तर्राष्ट्रिय बजारमा समावेश हुनसक्ने नागरिक उत्पादन गर्ने सोच प्राविधिक शिक्षा हो (कोइराला, २०६८) ।

तर यति हुँदाहुँदै पनि प्राविधिक धारको शिक्षा दुर्गम स्थलका सार्वजनिक विद्यालयमा पुग्न सकेको छैन । सबैको पहुँचमा पुग्न सकेको छैन । महङ्गो छ यसमा सबैले खर्च गरेर अध्ययन गर्न सकेका छैनन् । त्यसैले अब राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय परिवेशअनुसार कृषि, पशुविज्ञान, चिकित्सा विज्ञान, कम्प्युटर विज्ञान जस्ता

विषय क्षेत्रमा तल्लो तहलाई लक्षित गरेर सार्वजनिक विद्यालयमा कार्यक्रम सञ्चालन गर्न सके सार्वजनिक शिक्षा सवल बन्छ । विद्यालयप्रति सर्वसाधारणको आकर्षण बढ्छ । आफूले आर्जन गरेको ज्ञानको आधारमा व्यक्ति आत्मनिर्भर हुन सकिन्छ । शिक्षाले व्यक्तिको जीवनमा व्यापक सुधार ल्याउँछ । त्यसैले प्राविधिक धारका अन्य विषय अब पाठ्यक्रममा थप्न सके शिक्षा व्यवस्था प्रभावकारी हुन्छ ।

## शिक्षामा सूचना प्रविधिको प्रयोग

वर्तमान समय सूचना प्रविधिको युग हो । प्रविधि विनाको शिक्षा अव कल्पना पनि गर्न सकिँदैन । प्रविधिले व्यक्तिलाई योग्य, दक्ष, सक्षम बनाउँछ जसले व्यक्ति राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा समायोजन हुनसक्छ । सिकाइलाई सरल, सहज, रोचक बनाउन सञ्चारको आवश्यकता पर्छ । अहिले उद्योग, व्यापार, रोजगारी जस्ता विषयमा सूचना प्रविधिको प्रयोग भएको छ । विद्यालयमा विभिन्न इलेक्ट्रोनिक साधनबाट यसको प्रयोग गर्न सकिन्छ । कम्प्युटर, इन्टरनेट, इमेल, प्रोजेक्टरको प्रयोगबाट विद्यालयमा प्रभावकारी ढङ्गले शिक्षण गर्न सकिन्छ । सञ्चार र सूचनाको बढ्दो प्रयोगले अहिले विश्व साँघुरिएको छ । विश्वका सबै विद्यालय र ती विद्यालयका सबै कक्षाकोठा एउटा कक्षाकोठा भएका छन् । अध्ययन गर्न विद्यालय पनि गइरहनु पर्दैन घरमा नै बसेर आफ्नो सीप प्रयोग गरेर अध्ययन/अध्यापन गर्न सकिन्छ । सूचना र प्रविधिको यस्तो महत्त्व भए पनि हाम्रो सार्वजनिक विद्यालय परिवेश चाहिँ फरक छ । अधिकांश विद्यालयमा विद्युत सेवा छैन । विद्युतीय सुविधा विना यो चल्न फेरि धेरै विद्यालयमा यस्ता सामग्री छैनन्, भएका १, २ सामग्रीको शिक्षण सिकाइमा प्रयोग सम्भव छैन । नगन्य विद्यालयमा पर्याप्त सामग्री भए पनि प्रयोग गरेर शिक्षण गर्ने दक्ष जनशक्तिको छुट्टै व्यवस्था छैन । देशका १०% भन्दा कम सार्वजनिक विद्यालयमा मात्र यसको प्रयोग भएको अवस्था छ । जसले सार्वजनिक विद्यालयको सबलीकरण हुनसकेको छैन । सार्वजनिक विद्यालयमा पढ्ने विद्यार्थीहरू प्रतिस्पर्धी हुन सकेका छैनन् (सेरिड २०६९) । त्यसैले सार्वजनिक शिक्षालाई सवल बनाई योग्य नागरिक तयार पार्न प्रत्येक विद्यालयमा यसको प्रयोग आवश्यक छ ।

## अभिभावकको सार्वजनिक शिक्षालाई हेर्ने दृष्टिकोण

नेपालको सन्दर्भमा धेरै जसो विद्यार्थीहरूका अभिभावकहरू निरक्षर हुनुहुन्छ । एक अध्ययनले देखाए अनुसार दुर्गम क्षेत्रका ६०% भन्दा बढी अभिभावक निरक्षर हुनुहुन्छ (राष्ट्रिय योजना आयोग, २०७४) उहाँहरूलाई शिक्षाको महत्त्व थाहा छैन । त्यसैले उहाँहरू आफ्ना बालबच्चालाई विद्यालय पठाउनु हुन्न । अर्काथरी अभिभावकहरू सार्वजनिक विद्यालयको पढाइको स्तर हेर्नुहुन्छ अगाडि त्यस्तै शिक्षा आर्जन गरेका व्यक्तिहरू सार्वजनिक विद्यालयको पढाइको स्तर हेर्नुहुन्छ अगाडि त्यस्तै शिक्षा आर्जन गरेको व्यक्तिहरूले कतै काम पाउँदैनन् । शिक्षामा आफूले गरेको लगानी त्यत्तिकै खेर गएको ठान्नु हुन्छ र सार्वजनिक विद्यालयमा पठाउनु नै हुन्न भने अर्काथरी अभिभावक चाहिँ शिक्षा दिनमा आफ्नो कुनै जिम्मेवारी छैन, त्यो काम सबै शिक्षकको नै हो भन्ने अर्थ पनि लगाउनु हुन्छ । यसरी फरक-फरक ज्ञान, योग्यता बुझाइ भएका अभिभावकको सार्वजनिक शिक्षालाई हेर्ने दृष्टिकोण अलग-अलग छ । शिक्षा दिने लिने काम आफ्नो होइन भन्नेठान्नु हुन्छ । अभिभावकमा मत भिन्नता भएपछि विद्यालयको भौतिक अवस्था कमजोर छ । शैक्षिक उपलब्धि ज्यादै न्यून छ । विद्यालयको आर्थिक अवस्था पनि नाजुक भएकाले शिक्षकहरूलाई विद्यालय सञ्चालनमा कठिनाइ उत्पन्न भएको छ । त्यसैले अभिभावकमा निराशा उत्पन्न हुँदै गएकाले राज्यले पनि शिक्षामा धेरै ध्यान र चासो नदिएको र शिक्षामा निजीकरण बढ्दै गएकाले सार्वजनिक शिक्षा सबल हुन सकेको छैन । यस्तो अवस्थालाई अन्त्य गर्ने मुख्य माध्यम भनेको प्राविधिक र व्यावसायिक धारको शिक्षा हो, जसले गर्दा विद्यार्थीले शिक्षा आर्जन पश्चात् आफ्नो ज्ञानलाई उपयोग गरी आफैं रोजगारी उत्पन्न गराउन सके अभिभावकमा सार्वजनिक शिक्षाको दृष्टिकोण नै सकारात्मक बन्छ ।

## शिक्षामा विश्वव्यापीकरणको प्रभाव

शिक्षाले सूचना र प्रविधिको विकास गरायो । अहिले सूचना र प्रविधिको प्रयोगले विश्व साँघुरिँदै गएको विश्वमा भइरहेका हरेक गतिविधिहरू अहिले क्षण-भरमै आफैँले हेर्न सकिन्छ, जुन शिक्षाको कारणले भएको हो । संसारमा भएका ठूलठूला विश्वविद्यालय अक्सफोर्ड, केम्ब्रिज, ओहियो स्टेटमा भएका पाठ्यक्रम, विषयवस्तु शिक्षण सिकाइ, विधि, शैली अब यहीँ बसेर प्रविधिको प्रयोग गरेर हेर्न, अध्ययन गर्न र सिक्न समेत सकिन्छ, जुन प्रविधिकै कारणले सम्भव भएको हो । शिक्षा क्षेत्रमा यसरी विश्वव्यापीकरणको प्रभाव एक राज्यबाट अर्को, त्यसबाट अर्कोमा क्रमशः फैलिँदै गएकाले नै अमेरिका, क्यानडा, अष्ट्रेलिया, चीन, जापानले अर्थतन्त्र, उद्योग, व्यापार, व्यवसायमा गुणात्मक विकास गरेको हो । यस्ता राष्ट्रमा विद्यालय तहबाट नै यस्ता प्राविधिक विषयको अध्ययन-अध्यापन गराइन्छ ।

यस्तो शिक्षा प्रणाली विकसित राष्ट्रको यस्तो प्रविधि ज्ञान, सीपलाई हेर्दा हाम्रो देशको शिक्षा प्रणाली, पाठ्यक्रम व्यवस्था प्रविधि, विद्यालयको अवस्था कमजोर नै छ । नेपालका सार्वजनिक विद्यालयको अवस्था प्रविधिको उपलब्धता, त्यसको प्रयोग र निरन्तरतालाई हेर्दा सार्वजनिक शिक्षाको अवस्था ज्यादै कमजोर भएको पाइन्छ । त्यसैले अब यस्तो प्रविधि शैलीलाई राज्य, प्रदेश, स्थानीय स्तर र अभिभावकहरूले सोचेर शिक्षा व्यवस्था अगाडि ल्याए मात्र सार्वजनिक शिक्षामा सबलीकरण हुँदै जाने देखिन्छ । विकसित राष्ट्रको शिक्षा प्रणालीलाई अध्ययन गरेर अब यहीँ के गर्न सकिन्छ । सोच विचार गरेर शिक्षा प्रणालीको विकास गर्न सके राज्यमा उद्योग, व्यापार, रोजगारीका अनेकौँ अवसर सृजना गर्न सकिन्छ (स्थलगत अध्ययन, २०७६) ।

## सामाजिक, नैतिक मूल्य र जीवनोपयोगी सीप

शिक्षा मानव जीवनका लागि उपयोगी हुनुपर्छ । शिक्षा आर्जन पश्चात् मानिसले आफूले आर्जन गरेको शिक्षा र सीपको आधार जीवन निर्वाह गर्न सक्नुपर्छ । शिक्षित बेरोजगारीले व्यक्तिमा निराशा, अल्छीपनको विकास गराउँछ । त्यसैले अहिले अन्तर्राष्ट्रिय परिवर्तनमा समायोजन हुनसक्ने नागरिक तयार पार्नुपर्छ । जीवनोपयोगी सीपमा आधारित शिक्षाको माध्यमबाट धेरै हदसम्म व्यक्तिलाई सबल र सक्षम व्यक्ति बनाउन सकिन्छ । त्यसैले व्यक्तिलाई व्यवहारमुखी शिक्षाको आवश्यकता पर्छ । शिक्षालाई आफ्नो परिवेश अनुसारको अवस्था के छ ? त्यसैको आधारमा कसरी अध्यापन गर्ने र त्यसलाई कसरी व्यवहारमा प्रयोग गर्ने सोचको सिकाइ र पाठ्यक्रमको हामी कहाँ अभाव छ र व्यक्तिले समेत आफूले के कस्तो शिक्षा आर्जन गरेमा बेरोजगारी अवस्थाबाट मुक्त हुन सकिन्छ । सार्वजनिक विद्यालयमा त्यसको पाठ्यक्रम र शिक्षणको व्यवस्था हुनुपर्छ त्यो हामी कहाँ नभएकाले सार्वजनिक शिक्षा केवल बेरोजगार स्नातक उत्पादन गर्ने स्थल भएका छन् (पाण्डे, २०६३) ।

यसका लागि कृषि विद्यालय, आधारभूत चिकित्सा विद्यालय, पेसागत विद्यालयको आवश्यकता बढी पर्छ । अकातर्फ हामी कहाँ नैतिक शिक्षाको अभाव छ । विद्यार्थीमा नैतिक बानीको विकास हराउँदै गएको छ । व्यक्तिभित्र रहेका मनोसामाजिक क्षमताहरू जसले व्यक्तिलाई समग्र रूपमा जिम्मेवारीका साथ व्यवहारहरू गर्न आत्म सम्मानका साथ जिउन, सुदृढता विकास गर्न, अरूको सम्मान गर्न, अप्ठ्यारा तथा दुर्व्यवहार पहिचान गर्न र त्यसबाट समयमानै आफू बच्न र अरूलाई सहयोग गर्न सक्नुपर्छ । नैतिक मूल्य, मान्यता र जीवन उपयोगी सीपले अरूको श्रमको सम्मान गर्ने, ठूलालाई सम्मान र सानालाई आदर भाव दिन सक्नुपर्छ ।

जीवनोपयोगी सीपले व्यक्तिलाई व्यक्तिगत एवं सामाजिक विकासको लागि योगदान गर्नका साथै मानव अधिकारको सम्मान गर्न, आफू र अरूको स्वास्थ्य एवं सामाजिक समस्याबाट छुट्कारा पाउन सिकाउँछ । यसरी व्यक्तिले अनुशासन, नैतिक मूल्य र मान्यतालाई अनुसरण गर्न सके दैनिक जीवनका चुनौती एवं मागहरूसँग प्रभावकारी रूपमा सामना गर्न तथा अनुकूल हुन आत्मसम्मानका साथ जीवन बिताउन र सकारात्मक बानी तथा

व्यवहार सिकाउन सहयोग पुऱ्याउँछ । यस्तो पाठ्यक्रमको व्यवस्था गरेर विद्यालयमा सिकाउन सके सार्वजनिक शिक्षा सबल बन्दै जान्छ । जसले गर्दा सार्वजनिक शिक्षाप्रति सबैको हेर्ने दृष्टिकोण नै फरक पर्छ ।

## सिकाइप्रति विद्यार्थी दृष्टिकोण

अहिलेको सन्दर्भलाई अध्ययनप्रति विद्यार्थीका चासो, हेराइ फरक र नकारात्मक बन्दै गएको छ । प्राविधिक शिक्षा सबैको पहुँचमा नभएकाले साधारण शिक्षामा नै विद्यार्थीको अध्ययन गर्ने सङ्ख्या ७०% भन्दा माथि छ । साधारण शिक्षा आर्जन गरेका व्यक्तिले बजारमा आफूले प्राप्त गरेको ज्ञान र सीपलाई विकाउन गाह्रो छ । सार्वजनिक शिक्षा आर्जन गरेका व्यक्तिलाई रोजगारीको अवसर ज्यादै न्यून छ । केवल लोकसेवा आयोगले निजामती सेवाको पदपूर्तिका लागि उम्मेदवार छान्ने प्रक्रिया र शिक्षक सेवा आयोग तथा अन्य केही सङ्घसंस्थामा धेरै व्यक्ति अटाउनुपर्ने हुन्छ, त्यो सम्भव छैन । जसले गर्दा विद्यार्थीले भविष्यमा आफू बेरोजगार हुने अवस्था देखेपछि सार्वजनिक शिक्षामा उनीहरूको चासो कम छ । यसका साथै विद्यार्थीहरूको अनुशासनले यसमा प्रभावपारेको देखिन्छ । विद्यार्थीमा बढ्दै गएको अनुशासनहीनता, लचिलो सिकाइ प्रक्रियाले कक्षामा शिक्षकले विद्यार्थीलाई सिकाइप्रति ध्यानाकर्षण गराउन समस्या छ भने प्रविधिको दुरुपयोगले गर्दा विद्यार्थीलाई सिकाइप्रतिको चासो घट्दै गएको छ । यो रोग हाम्रो सार्वजनिक शिक्षामा बढी छ त्यसैले सार्वजनिक शिक्षा सबल र प्रभावकारी बन्न सकेको छैन । कक्षा कोठामानै फेसबुक र त्यसबाट च्याटिङ गर्ने अवस्था विद्यार्थीमा छ । कसैसँग डर छैन त्यसैले यसलाई अभिभावक र शिक्षक मिलेर समाधान गर्न सके मात्र सार्वजनिक शिक्षाको स्तर बढ्छ ।

## शिक्षकले कक्षाकोठामा बिताउने समय

शिक्षण सिकाइको महत्त्वपूर्ण पक्ष समय हो । विद्यालयमा अध्यापन हुने निश्चित समय पाठ्यक्रममा निर्धारण गरिएको हुन्छ । त्यहीअनुसार तोकिएको समय शिक्षकले कक्षाकोठामा बिताउनुपर्छ । एक शैक्षिक वर्षमा विद्यालयमा २२० दिन खुल्नु पर्ने र १९२ दिन पठनपाठन हुनुपर्ने कुरा शिक्षा नियमावलीमा व्यवस्था गरिएको छ । साधारणतर्फ माध्यमिक तहमा कक्षा (९, १०) मा साप्ताहिक ४० घण्टी (३० घण्टा) र वार्षिक ३२ हप्ता अर्थात् ९६० घण्टा (६४ क्रेडिट आवर) पठनपाठन हुने यस तहका लागि ४५ मिनेटको एक घण्टी छ । कक्षा ९ र १० को पाठ्यक्रममा पठनपाठनका लागि वार्षिक (९६०) घण्टा र मूल्याङ्कनका लागि १०४ घण्टा गरी जम्मा १०६४ घण्टा पाठ्यभार निर्धारण गरिएको छ । पाठ्यक्रमले आफ्नो भौगोलिक परिवेश विद्यालय र त्यसको लक्षित क्षेत्रको आधारमा न्यूनतम ३० मिनेट र अधिकतम ४५ मिनेटसम्म समय विभाजन गरिएको भेटियो (स्थलगत अध्ययन) । तर समय विभाजन गरेर मात्र हुँदैन, त्यो समयभित्र कक्षाकोठामा कुनै एक शिक्षकले कति समय बिताउनु हुन्छ त्यो कुरा चाहिँ महत्त्वपूर्ण पक्ष हो र यसले नै शिक्षण कति सबल र कमजोर छ पत्ता लगाउन सकिन्छ । स्थलगत अध्ययनमा कक्षा अवलोकन, समूह छलफल परीक्षाको नतिजालाई हेर्दा औषत शिक्षकले ७०-८०% मात्र समय कक्षाकोठाको शिक्षणमा दिएकाले यसलाई सुधार गरी बढी समय कक्षामा बिताए मात्र सार्वजनिक शिक्षा सबल बन्छ र शैक्षिक उपलब्धि बढ्छ । विद्यार्थी कक्षाकोठामा सिकाइमा नै सहभागी भइरहन्छन् ।

## अभिभावकले छोराछोरीको पढाइलाई दिने चासो

हाम्रो समाजमा अलग-अलग प्रकारको समुदाय जात, भाषा, धर्म, संस्कृति, सम्प्रदाय विद्यमान छन् त्यसैले कसैले शिक्षा लिनु जीवनको लागि महत्त्वपूर्ण मान्छन् र सिकाइमा आफैं क्रियाशील बन्छन् भने कसैले शिक्षा र सिकाइको सम्पूर्ण जिम्मेवारी सरकारको ठान्छन् भने कसैले यसको मुख्य कारक तत्त्व शिक्षकलाई ठान्छन् । अभिभावकले सिकाइलाई रोजगारीसँग तुलना गर्छन् । समाजमा शिक्षित बेरोजगारी बढ्दै गएपछि उनीहरूका आफ्ना बच्चालाई पढाउने जाँगर नै मर्छ । सामुदायिक शिक्षाको पाठ्यक्रम व्यवहारमुखी नहुनु, सिकाइ पुरानै शैलीको हुनुले अभिभावकको चासो घट्दै गएको पाइएको छ (शिक्षा कक्षा-९पेज नं. १५८) ।

वर्षैपिच्छे समाजमा विद्यालय शिक्षाभन्दा बाहिर रहेका बाल-बच्चाका लागि भर्नाअभियान चलाइए पनि अभिभावकलाई चासो छैन । उनीहरूको दृष्टिकोण नकारात्मक छ । शिक्षकको जागिर बचाउनका लागि आफूले आफ्ना विद्यार्थीलाई विद्यालय पठाउनुपर्छ भन्ने गलत सोच उनीहरूमा छ (समूह छलफल) ।

यस्तो समस्याबाट मुक्त हुन सार्वजनिक शिक्षालाई सबल बनाउन शिक्षक बुद्धिजीवी, सामाजिक अगुवा, स्थानीय प्रतिनिधि, नागरिक समाजका व्यक्तित्व, जनप्रतिनिधि साथै शिक्षित अभिभावकले विद्यालय शिक्षाभन्दा बाहिर रहेकाबच्चालाई शिक्षाको मूल धारमा ल्याउनु आवश्यक हुन्छ । भर्ना गरेपश्चात् उसलाई विद्यालयमा टिकाइराख्नुपर्छ र अभिभावकले पनि विद्यालयमा बारम्बार आएर आफ्ना बच्चाको सिकाइ स्तर कस्तो छ चासो लिने गरे सार्वजनिक शिक्षा सबल बन्छ । अभिभावकलाई पनि शिक्षा लिनमा सचेतीकरण कार्यक्रम सञ्चालन गर्न समय-समयमा गोष्ठी, सेमिनारको आयोजना गर्नुपर्छ । शिक्षाको महत्त्व बुझाउनु पर्छ । रोजगारीका नयाँ-नयाँ अवसर हुने प्रकारको शिक्षा प्रणालीको विकास गर्न सके मात्र अभिभावकको सार्वजनिक शिक्षा प्रति हेर्ने दृष्टिकोण सकारात्मक बन्न जान्छ ।

## अभिभावकको आर्थिक हैसियत

सार्वजनिक शिक्षाको स्तर घट्नु सार्वजनिक शिक्षा सबल बन्न नसक्नुको मुख्य कारक तत्त्व भनेको अभिभावकको आर्थिक हैसियत पनि हो । एक अध्ययनले देखाए अनुसार नेपालका ३५% जति मानिस अझै गरिबीको न्यूनतम रेखामुनि छन् (तेह्रौं पञ्चवर्षीय योजना) । आर्थिक हैसियत कमजोर भएपछि बच्चालाई विद्यालय पठाउन सकिँदैन । श्रम नै गराउनुपर्छ राज्यले अहिलेसम्म पनि आर्थिक हैसियत कम भएका लक्षित वर्गलाई सम्पन्न बनाउने कुनै त्यस्तो ठोस योजना ल्याएको छैन । केवल औपचारिकता निर्वाह गर्न शिक्षा मन्त्रालयले विभिन्न शीर्षकमा थोरै छात्रवृत्ति दिन्छ, त्यसैले वर्षभरि विद्यालयमा पढ्न जाने वातावरण तयार गर्न सम्भव छैन । आर्थिक हैसियत कम भएका कारणले पनि विद्यालयले विभिन्न शीर्षकमा लिने निश्चित शुल्क उनीहरूले बुझाउन सक्दैनन् । आर्थिक हैसियतकै कारण आफ्ना बच्चालाई अतिरिक्त कक्षा दिनुपर्ने अवस्था भए पनि त्यसको शुल्क उनीहरू बुझाउन सक्दैनन् । यस्ता विविध कारणले गर्दा तल्लो स्तरको हैसियत भएका अभिभावकले आफ्ना बच्चालाई विद्यालय पठाउन सक्दैनन् । त्यसैले सर्वप्रथम राज्यले गरिबी निवारणका विभिन्न कार्यक्रम ल्याएर तल्लो स्तरका मानिसको स्तर उकास्न सके सार्वजनिक शिक्षामा क्रमशः सबैको पहुँच बढ्छ र यसले दिने शिक्षा सबल हुनजान्छ । गरिबीको रेखामुनि रहेका अभिभावकलाई लक्षित गरेर कृषि, पशुपालन, फलफूल उत्पादन र त्यसको बजार व्यवस्थापनको अवस्था सृजनागर्न सके अभिभावकको हैसियत बढ्छ र उनीहरूले आफ्ना बच्चालाई विद्यालय पठाउन सक्छन् ।

## शिक्षामा बढ्दो राजनीतिकरण

राजनैतिक चिन्तन व्यक्तिको मौलिक हक र अधिकार हो । यो संविधान प्रदत्त अधिकार हो तर कहाँ ? कसले ? कुन समयमा ? राजनीति गर्ने हो यो कुरा प्रष्ट हुन आवश्यक छ । शिक्षामा राजनीतिको प्रभाव पञ्चायती व्यवस्थाबाट नै सुरु भयो । त्यसबेला विद्यार्थीको राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल थियो । शिक्षकले पनि यसको पक्षपोषण गरे पक्षपोषण नगर्ने इतर पक्ष मानिए । २०४६ को प्रजातन्त्र प्राप्ति पश्चात् शिक्षकको पेसागत हकहित संरक्षणका विभिन्न सङ्घ-सङ्गठन खुले, विद्यार्थीहरूका सङ्घ-सङ्गठन, युनियन खुले र समाजमा धेरै सामाजिक सङ्घ-संस्था पनि खुले तर अन्ततोगत्वा यस्तो सङ्घ-संस्था सङ्गठनको भित्री स्वार्थ राजनीति देखियो । राजनीतिज्ञले भाषण गर्दा 'शिक्षकले राजनीति गर्न हुँदैन पढाउनुपर्छ र विद्यार्थीले राजनीति गर्नुहुँदैन अध्ययन गर्नुपर्छ' भन्ने कुरा आयो तर यो कुरा मात्र रहेछ । 'हात्तीको देखाउने र चपाउने दाँत फरक' भए जस्तै भयो शिक्षकहरू राजनैतिक दलको सदस्यता लिन बाध्य भए र उनीहरूको नियुक्ति, पदस्थापन, सरुवा, बढुवा पनि राजनैतिक आस्थाका आधारमा भित्री रूपमा हुन थाले पनि शिक्षकहरू राजनीतिमा सक्रिय हुनुपर्ने नै भयो भने

राजनीति गर्न नजान्नेको शिक्षणमा जाँगर मऱ्यो भने विद्यार्थीहरू पनि अध्ययन गर्नु भन्दा भविष्यमा ठूलो नेता हुने आशाले राजनीतिमा सक्रिय बन्न थाले सामाजिक सङ्घ-संस्थाले पनि विद्यालयलाई विभिन्न ढंगले सहयोग गर्ने नाममा राजनीति गर्न थालेपछि सार्वजनिक विद्यालय राजनैतिक मैदान भयो । यहाँको सिकाइको स्तर कमजोर हुँदै गएको छ (कोइराला, २०६४) ।

अब सार्वजनिक शिक्षालाई सबल बनाउन शिक्षकको नियुक्ति, वृत्तिविकास जस्ता अन्य सुविधा थप गर्न शिक्षकको अध्ययन, अध्यापन, अनुसन्धानलाई हेरेर र शिक्षकले आफ्नो विषयमा अध्यापन गर्दा विद्यार्थीले ल्याएर शैक्षिक उपलब्धिलाई हेरेर पुरस्कार र दण्डको व्यवस्था गरे सार्वजनिक विद्यालयको शिक्षा सबल बन्छ । विद्यार्थीले पनि अध्ययनको आधारमा भविष्य खोज्नुपर्छ । विद्यालयमा राजनीति नगर्ने प्रतिबद्धता जनाउनुपर्छ भने अभिभावकले समेत विद्यालयमा राजनैतिक गतिविधि गर्नुहुन्न र भएको छ छैन हेर्नुपर्छ । कुनै सङ्घ-संस्था आर्थिक सहयोग गर्ने नाममा विद्यालयमा आए त्यस्तालाई पस्न दिनुहुँदैन । यसरी गर्दै जाँदा क्रमशः सार्वजनिक शिक्षा सबल बन्दै जाने अपेक्षागर्न सकिन्छ ।

## शिक्षामा बढ्दो निजीकरण

हाम्रो सन्दर्भमा धेरै जसो व्यक्तिले निजी शिक्षाको विरोध गरेको पाइन्छ र सुनिन्छ तर कुनै एउटा वस्तुमा १००% नै नराम्रा पक्ष पनि हुँदैनन् । त्यहाँ केही राम्रा पनि हुन्छन् भने अर्कोमा १००% राम्रा मात्र हुँदैनन्, त्यसभित्र केही नराम्रा पनि हुन्छन् । यसरी हेर्दा नराम्रा भित्रका राम्रा निकाल्नु पर्छ र राम्रा भित्रका नराम्रा हटाउनुपर्छ र दुबैका राम्रा मिलाएपछि बल्ल सबैभन्दा राम्रो हुन जान्छ । यसरी हेर्दा निजी शिक्षामा केही गुण पनि छन्, यसले अङ्ग्रेजी भाषाको विकास गरायो, विद्यार्थीलाई प्रतिस्पर्धी बनाएको छ । धेरै विद्यार्थीलाई अध्ययन गर्ने स्थान दिएको छ, जसले विदेशिने पुँजीलाई देशमानै रोकेको छ । यसले धेरैलाई रोजगारीको अवसर दिएको छ र त्यहाँ राजनीतिको प्रभाव कम छ । निजी विद्यालयका यस्ता सवल पक्ष भए पनि यसका अवगुण छन् । यो नाफामुखी छ । यसले नाफा खोज्छ, सेवालाई ख्याल गर्दैन । यस्तो शिक्षा महंगो भएकाले सबैले लिन सक्दैनन् । यस्तो शिक्षा पैसा हुने वर्गको पहुँचमा छ । त्यसैले अलि पैसा हुने हरेकले यस्तै शिक्षा खोज्छन् । राज्यका नीतिनिर्माताले पनि घुमाउरो पाराले यसको पक्षपोषण गर्छन् । त्यसैले सार्वजनिक शिक्षामा तल्लो वर्गका मानिसको मात्र संलग्नता भएकाले यसको स्तर कमजोर बन्दै गएको छ । यसको कारक तत्त्व हामी आफै पनि हौं । राष्ट्र र जनता सबै सार्वजनिक शिक्षाको विकासमा लाग्न सके यसको भविष्य राम्रो हुन्छ । निजी शिक्षा साह्रै सानो क्षेत्र र बजारमा मात्र सीमित भएकाले यसको विकल्प सार्वजनिक शिक्षा मात्र हुन्छ । हामी आफैंमा नकारात्मक सोच पनि छ तपाईंको बच्चा कहाँ पढाउनु हुन्छ भनेर कसैले प्रश्न राख्दा फलानो बोर्डिङ्मा भन्न सके आफ्नो इज्जत नै अर्कै भएको ठान्छौं भने मेरा चाहिँ फलानो विद्यालयमा भन्न पऱ्यो भने आफ्नो प्रतिष्ठा गिरेको सम्झन्छौं । त्यसैले अब राज्य र सबै जनता लागेर देशका कुना-काप्चामा शिक्षाको अवसर पुऱ्याउनु पर्छ । जसका लागि पुँजी र स्रोत चाहिन्छ । यो राष्ट्रसँग मात्र हुन्छ । त्यसैले निजी विद्यालयको जस्तो अङ्ग्रेजी शिक्षा आफ्नै विद्यालयमा उपलब्ध गराउने प्रयास गर्नुपर्छ । सार्वजनिक विद्यालयमा तालिम प्राप्त, दक्ष शिक्षक हुनुहुन्छ । उहाँहरूलाई सक्रिय बनाउनुपर्छ । सबैलाई सार्वजनिक शिक्षाप्रति आकर्षित गर्न सक्नुपर्छ । व्यवस्थापन सबल बनाउनु पर्छ । जसका लागि पालैपालो अभिभावक, वि.व्य.स. लगायत सरोकारवाला सबै लागेर अनुगमन सुपरिवेक्षण गर्ने । उनीहरूको सिकाइको स्तर कस्तो छ, शिक्षकसँग परामर्श लिने, आफ्ना बालबच्चाको पढाइमा ध्यान दिन सके सार्वजनिक शिक्षाको स्तर बढ्छ र यहाँको शिक्षा सबल बन्दै जानसक्छ (कोइराला, २०६४) ।

## निष्कर्ष

अहिलेसम्मको परम्परागत पाराको शिक्षाले समाज बदल्न सकेन, समाज यथास्थितिमानै अलमलिरहेको अवस्था छ । पाठ्यक्रम, पाठ्यवस्तु, शिक्षण विधि, परीक्षा प्रणाली पुरानो संरचना र प्रणालीमा चलेकाले समाजमा बेरोजगारिताको अवस्था विकराल समस्याको रूपमा आएको छ । यसको मुख्य दोष पाठ्यक्रम र यहाँको शिक्षा प्रणालीलाई जान्छ । त्यसो हो भने अब शिक्षाको भावी कार्यदिशा के हुने ? कस्तो शिक्षा प्रणालीले समाजमा बेरोजगारीको अन्त्य गर्न सकिन्छ ? यो राष्ट्रिय बहसको विषय नै भएको छ त्यसैले अव सार्वजनिक शिक्षामा आफ्नो राज्य, राज्यको आवश्यकता, यहाँको स्रोत साधनको उपयोग गरी बेरोजगारीको अन्त्य हुने खालको हुनुपर्छ, जसको लागि मुख्यत हामी कहाँ देखिएका ४ ओटा पक्ष जस्तै, कृषि, ऊर्जा, पर्यटन र औषधी विज्ञान जस्ता विषयलाई लक्षित गरी पाठ्यक्रम निर्माण गर्नुपर्छ । कृषि प्रधान देश भनिए पनि कृषिको प्रबर्द्धन हुने व्यवसायिक, कृषि, फलफूल, पशुपालनसम्बन्धी पाठ्यक्रम छैन र ज्ञान छैन त्यस्तो पाठ्यक्रमनै छैन त्यसैले अब त्यसलाई बढवा हुने पाठ्यक्रम बनाउनुपर्छ । जसले गर्दा सामानको आयात कम हुन्छ निर्यात बढी हुन्छ र व्यावसायिक कृषिमा लाग्नेले त्यहीँबाट फाइदा लिन्छन् । अर्कातर्फ हेर्ने हो भने हाम्रो देश ऊर्जा क्षेत्रमा धनी राष्ट्र मानिन्छ । यसको मुख्य स्रोत जलविद्युत हो तर यसको प्रयोग, प्रबर्द्धन, विकास र उत्पादन गर्ने सीप हामीसँग छैन जसले गर्दा सार्वजनिक विद्यालयको तहबाट नै ऐच्छिक विषयको रूपमा यसलाई पाठ्यक्रममा समावेश गरी अध्यापन गर्न गराउन सके स्वरोजगार बढ्छ र सार्वजनिक शिक्षाको सबलीकरण हुन्छ ।

पर्यटनको क्षेत्रलाई हेर्दा त्यसमा हामी अगाडि छौँ । यहाँ अनेकौ ताल, धार्मिक स्थल, हिमनदी, शिखर, नदी, खोलानाला, वन्यजन्तु आरक्षण जस्ता साधन छन् । त्यसैले यसको जानकारी हुने गरी पाठ्यक्रममानै समावेश गरेर राज्यले ऐच्छिक विषयको रूपमा पठन-पाठन गराउन सके सार्वजनिक शिक्षा सबल बन्छ । औषधी विज्ञानको क्षेत्रमा पनि हामी अग्रणी छौं । हामीकहाँ खासगरी तराई, पहाड, हिमालमा अनेकौं दुर्लभ जडीबुटी छन् जसको सङ्कलनबाट आयुर्वेदिक औषधी उत्पादन गर्न सकिन्छ । यसको विषयमा पाठ्यक्रम निर्माण गरी विद्यार्थीलाई माथि उल्लिखित विषयमा विशिष्ट ज्ञान दिन सके सार्वजनिक शिक्षा सबल भएर जान्छ । यस्ता क्षेत्रमा पूर्णतः राज्यको लगानी आवश्यक पर्छ यसको विषयमा पाठ्यक्रम निर्माण, शिक्षक व्यवस्थापन, प्रयोगात्मक शिक्षण गर्ने हो भने समाजमा सार्वजनिक शिक्षा बढी सबल हुँदै जान्छ र क्रमशः राज्यको समेत परिवर्तन हुन्छ ।

## सन्दर्भसामग्री

कोइराला, विद्यानाथ (२०६४). *शिक्षामा वैकल्पिक चिन्तन.* काठमाडौं : सामाजिक अनुसन्धान र सामग्री विकासका लागि प्राज्ञिक मञ्च ।

कोइराला, विद्यानाथ (२०६८). *शिक्षामा वैकल्पिक चिन्तन.* काठमाडौं : सामाजिक अनुसन्धान र सामाजिक विकासका लागि प्राज्ञिक मञ्च ।

नेपाल सरकार (२०७५). पाठ्यक्रम विकास केन्द्र. भक्तपुर : ज.शि.सा.के.लि. ।

पाठ्यक्रम प्रारूप (२०६३). *शिक्षा ऐन तथा नियमावली.* काठमाडौं : कानुन किताव व्यवस्था समिति, सिंहदरबार ।

पाण्डे, हरिप्रसाद (२०६३). *नैतिक मूल्य र जीवनोपयोगी सीप.* काठमाडौं : पिनाकल पब्लिकेसन।

भट्टराई, होमनाथ र जि.सी. कृष्णबहादुर (२०७५). *शिक्षा र विकास.* काठमाडौं : जुपिटर प्रिन्टिङ्ग ।

राष्ट्रिय शिक्षा आयोग (२०४९). *शिक्षा मन्त्रालय.* काठमाडौं : कानुन किताबव्यवस्था समिति. सिंहदरबार ।

राष्ट्रिय योजना आयोग (२०७४). *शैक्षिक सर्वेक्षण.* काठमाडौं ।

वाग्ले, मनप्रसाद (२०५८). *शिक्षा सम्बन्धी उच्चस्तरीय कार्यदल.* काठमाडौं : कानुन किताब व्यवस्था समिति. सिंहदरबार ।

वाग्ले, मनप्रसाद (२०६७). *शिक्षाको प्रारम्भिक परिचय.* काठमाडौं ।

वाग्ले, मनप्रसाद (२०७४). *शिक्षाको प्रारम्भिक परिचय.* काठमाडौं : जुपिटर प्रकाशन गृह ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मला (२०५९). *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरू.* काठमाडौं : मकालु बुक्स पब्लिसर्स ।

शिक्षा विकास तथा अनुसन्धान केन्द्र (२०६९). *शिक्षामा प्रविधिको प्रयोग.* काठमाडौं ।

❑